मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

मिडिया नेपाल केन्द्रीय सदस्यमा प्रसाई: पृष्ठ ४

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ११० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन २४ गते सोमवार (Monday, March 8. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारू : ४/-



## नेकपा: एकीकरणपूर्व अवस्थामा

### प्रतिनिधिसभा पुनर्स्थापनापछि पहिलो बैठक: कांग्रेस र जसपाको नाराबाजी, प्रचण्ड–नेपाल समूहद्वारा वहिष्कार

**काठमाडौँ, फागुन २३।** सर्वोच्च अदालतको 'नेपाल कम्युनिष्ट पार्टी' नामक दल ऋषिराम कट्टेलले नेतृत्व गरेकै पार्टीको भएको फैसलापछि तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुरानै अवस्थामा फर्केका छन् ।

ती दलबीच २०७५ जेठ ३ गते एकता भए पनि निर्वाचन आयोगमा दल दर्ताका हिसाबले कानूनसम्वत नभएको आदेश दिइएको छ । न्यायाधीशद्वय बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासले आइतवार नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्नो दलसँग नाम जुधाएको जनाउँदै नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष कट्टेलले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछिको फैसलामा सो दल कट्टेलकै भएको फैसला गरेको हो ।

एकीकृत भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) राजनीतिक दलसम्बन्धी ऐन विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गर्ने फैसला अदालतले गरेको छ । आदेशमा भनिएको छ- 'निर्वाचन आयोगका यी दुवै निर्णय बदर भएपश्चात् साविकमा निर्वाचन आयोगमा राजनीतिक दलका रुपमा दर्ता रहेका नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अलगअलग राजनीतिक दलका रुपमा साविककै अवस्थामा कायम रहने हुँदा, अब यी दुवै राजनीतिक दलले एकीकरण गर्ने भएमा राजनीतिक दलसम्बन्धी ऐन तथा नियम विपरीत नहुने गरी निर्णय गरी अविलम्ब निर्वाचन आयोगमा उपस्थित हुन जानकारी दिई शीघ्र कानून



बमोजिम आवश्यक निर्णय गर्नू/गराउनू ।'

फैसलामा आयोगमा दर्ता भइसकेका दलसँग नाम मिल्ने गरी नयाँ दल दर्ता गर्दा पनि निर्वाचन आयोगको २०७५ जेठ २३ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी २०७५ कात्तिक ९ गतेको निर्णय फैसला राजनीतिक दलसम्बन्धी नियमावली, २०७४को नियम ९मा भएको कानूनी व्यवस्थाविपरीत देखिँदा उत्प्रेषणको आदेशबाट बदर गरिएको उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्नो दलसँग नाम जुधाएको भनी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष कट्टेलले दायर गरेको रिट निवेदनको सुनुवाइ यही फागुन १३ गते सम्पन्न भएको थियो । अध्यक्ष कट्टेलले आयोगमा २०६९ मा नेपाल कम्युनिष्ट पार्टीका नाममा आफूले दल दर्ता गरेको तर तत्कालीन नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)बीच २०७५ जेठ ३ गते एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नाममा आयोगमा दल दर्ता भएको बिरुद्ध रिट निवेदन दायर गरेका थिए ।

अध्यक्ष कट्टेलले आयोगमा त्यसबिरुद्ध उजुरी दिए पनि केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' अध्यक्ष रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का पक्षमा निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध अध्यक्ष कट्टेलले २०७५ साल मंसीर २१ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

फैसलामा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० बमोजिम पहिले नै आयोगमा दल दर्ता भएका राजनीतिक दल एकीकरण गरी नयाँ दल निर्माण हुँदा सोही ऐनको दफा ६ को दल दर्ता हुन नसक्ने भनी ऐनमा व्यवस्था भएका प्रावधानको उल्लंघन गर्ने गरी दल दर्ता गर्न नमिल्ने उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संक्षिप्तमा नेकपा र नेपाल कम्युनिष्ट पार्टी संक्षिप्तमा नेकपा एउटै नाम हो वा होइन भन्ने प्रश्नका सन्दर्भमा कोष्ठभित्र लेखिएको कुरामा सारभूत रुपमा भिन्नता नदेखिएको फैसलामा उल्लेख छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) उल्लेख भएको देखिएबाट दुई पार्टीको नाम फरक परेको भन्ने नदेखिई एकापसमा एउटै मिले भिडेको भन्ने नै देखिन्छ- फैसलामा भनिएको छ ।

आयोगमा फरक नाम लिएर दल दर्ता गर्नसमेत फैसलामा भनिएको छ । कानूनी रुपमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भनिएको तत्कालीन एमाले र माओवादी केन्द्र

(बाँकी अन्तिम पृष्ठमा)

## गिरिराजकुमारी 'उत्कृष्ट नारी'



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, फागुन २३।** वीरता लेडी जेसीजसहित झापाका ३५वटा विभिन्न सामाजिक संस्थाले सामूहिक रुपमा समाजसेवी तथा राजनीतिज्ञ गिरिराजकुमारी प्रसाईंलाई उत्कृष्ट नारीको सम्मान प्रदान गरेका छन् ।

वीरता लेडी जेसीजले पहिलोपटक उत्कृष्ट नारी सम्मान कार्यक्रमको घोषणा गरी १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आइतबार प्रसाईंलाई उत्कृष्ट नारी सम्मान प्रदान गरेको हो ।

समाजसेवामार्फत सामाजिक रुपान्तरणमा टेवा पुऱ्याएको भन्दै बिर्तामोड-५ देवीवस्ती निवासी ९० वर्षीया प्रसाईंलाई उक्त सम्मान प्रदान गरिएको हो । वीरता लेडी जेसीज पूर्वअध्यक्षहरुको अगुवाईमा भएको कार्यक्रममा वीरता लेडी जेसीजले प्रसाईंलाई पदक तथा सम्मान-पत्र प्रदान गरेको थियो भने ३५ वटा संस्थाको तर्फबाट संयुक्त रुपमा एउटै सम्मान-पत्र हस्तान्तरण गरिएको थियो । त्यस्तै ३५ वटा संस्थाका प्रमुख तथा प्रतिनिधिले उत्कृष्ट नारी प्रसाईंलाई मायाको चिनो तथा खादा पहिऱ्याएर सम्मान गरेका थिए ।

कार्यक्रमकी संयोजक वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजालको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपमेयर पवित्रा महतारा प्रसाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष देवी भण्डारीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि प्रसाईं, सम्मानित व्यक्तिको तर्फबाट बुहारी संगीता प्रसाईं र वीरता जेसीजका पूर्वअध्यक्ष राजकुमार पोखरेलले झापा जिल्लामा असल र उत्कृष्ट काम गर्नेलाई प्रेरित गर्न तथा अरुलाई पनि त्यस्तै कार्यका लागि सकारात्मक प्रेरणा प्रदान गर्न वीरता लेडी जेसीजले उत्कृष्ट नारीको चयन गरी यसवर्षदेखि सम्मान

(बाँकी अन्तिम पृष्ठमा)

## चिया ऐन संशोधन गर्न माग



**पार्थ मण्डल**

**झापा, फागुन २३।** राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ चिया क्षेत्रका लागि वैज्ञानिक नभएको चिया सरोकारवालाहरूले गुनासो गरेका छन् ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय झापाले आइतबार कृषि ज्ञान केन्द्र भद्रपुरको सभा हलमा आयोजना गरेको चिया सरोकारवालाहरूसँगको समन्वय बैठकमा चिया ऐन २०४९ वैज्ञानिक नभएकोले यसलाई तत्काल संशोधन गर्नुपर्नेमा सहभागीहरूले जोड दिए । चिया ऐन एकातिर र चिया उद्योगी, कृषक र मजदुरको समस्या अर्कोतिर देखिएकोले चिया ऐन संशोधन गर्नुपर्ने उनीहरूले माग गरेका छन् ।

ऐनमा बाझिएकोले साना किसान चियाले अनुज्ञा पत्र पाउन नसकेको गुनासो पोख्दै पाराखोपी साना किसान चिया सहकारी संस्थाका होम कार्कीले भने- 'हामी किसान कि उद्योगी ? सरकारले हामीलाई किसान भन्छ- राज्यबाट सेवा सुविधा लिनुपऱ्यो भने उद्योगमा दर्ता गर्नुपर्ने भन्छ- यो कस्तो कानून हो ? साना किसान चियाको कृषि प्रयोजनको सरसामान भारतबाट आयात गर्नु पर्दा भन्सारले पनि हामीलाई किसान नभएको भन्दै कृषिमा लाग्ने एक प्रतिशत छुट नदिने गरेको उनले गुनासो गरे ।

त्यस्तै चिया व्यवसायी संघ झापाका पृथ्वीनारायण कार्कीले सरकारद्वारा नेपालमा आयातित मलको गुणस्तर नहुँदा चिया किसान थप मारमा परेको बताए । 'सरकारले एलसी खोलेर मल मात्र ल्याउने हो कि त्यहाँबाट आयात गर्ने मलको गुणस्तर पनि जाँच गर्ने हो ?'- उनले प्रश्न गरे । नेपालमा उत्पादित चियालाई अन्तर्राष्ट्रिय बजारीकरण नगरेसम्म नेपाली चियाले बजार नपाउने उनको भनाइ छ ।

त्यस्तै अखिल नेपाल ट्रेड युनियन महासंघका प्रदेश इन्चार्ज भूपाल सापकोटाले जिल्लामा क्षेत्रीयस्तरको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड हुँदा पनि यसको केही काम नभएको आरोप लगाए । बोर्डमा पर्याप्त बजेटसहितको कार्यक्रम नहुँदा चिया क्षेत्रको समस्या जस्ताको तस्तै रहेको उनको भनाइ छ । निजी क्षेत्रले श्रमिकको तलब भत्ता बढाउँदै आए पनि सरकारी पक्षबाट खटिएका श्रमिकका लागि तलब भत्ता बढाउने विषयमा बोर्डले केही नगरेको उनले बताए । नेपाल चिया उत्पादक संघका अध्यक्ष सुरेशकुमार मित्तलले चिया ऐनका कारण चिया उद्योगले अन्य उद्योग सरह बिजुलीको महशुल बुझाउन बाध्य पारिएको बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

**सुरक्षा गार्ड तुरुन्त चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

सम्पर्क: **सेक्टरवान सेक्यूरिटी सर्भिस**, बिर्तामोड, झापा

(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**नि:शुल्क ! नि:शुल्क !! नि:शुल्क !!!**

सम्पुर्ण आयुर्वेदिक औषधि तथा डाक्टर जाँच निशुल्क

साथै ३०% क्षारसुत्र र २०% छुट रगत जाँचमा ।

अन्य जानकारीको लागि फोन नं. ०२३-५९०१६६/९८०६०००३१३

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड

**कर्मचारी आवश्यकता**

**होटल ग्राण्ड प्यासीफिक**का लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**कुक : ४ जना** **वेटर : ४ जना**

**हाउस किपिङ : ४ जना** **तलब :** आपसी समझदारीमा (आकर्षक)

**सम्पर्क : ०२३-५९०७०९/९८०८५७००६०**

**पश्चिम बस स्टेण्ड, बिर्तामोड, झापा**

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा फागुन २४ गते सोमबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,

बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**२५ कर्मचारी तु-आवश्यकता**

एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीका लागि १२ महिला तथा १३ पुरुष कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले वायोडाटा(C.V.) सहित तुरुन्त अफिसमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या | योग्यता | तलब (कम्पनी नियम अनुसार) |
|---|---|---|---|
| मेनेजर | ४ जना | व्याचलर वा सो सरह | २५०००भन्दा माथि |
| सहायक मेनेजर | ८ जना | +२ वा सो सरह | १५००० भन्दामाथि |
| अन्य कर्मचारी | १२ जना | एसएलसी/एसईई वा सो सरह | १० हजारसम्म |

**उमेर: १७ बर्षदेखि २७ बर्षभित्रको हुनुपर्नेछ ।**

**नोट: – अनुभव नभएकोले पनि सम्पर्क गर्न सक्नुहुनेछ । टाढाबाट आउनेलाई नि:शुल्क खाना–बस्नको व्यवस्था छ । बिर्तामोड–५, कनकाई रोड, झापा**

**(मो. ९८०६४२८७७९, ९८२४९८५१००)**

**LITTLE FLOWERS' ENGLISH SCHOOL**

Birtamod-4,Jhapa

*Celebrating its Glorious 40th year*

**VACANCY ANNOUNCEMENT**

We are inviting applications from well qualified, experienced and dynamic candidates with strong commitment to progressive teaching and professional development for the following post.

| Sl.No | Level | Subject | Qualification | Salary |
|---|---|---|---|---|
| 1 | L. Secondary | Science | B.Sc | Negotiable |

*Candidates must have two years' experience. (Fresh candidates are also welcome to apply).*

Interested candidates may send the application with CV, copies of credentials and photocopy of citizenship certificate, addressed to the Principal, Little Flowers' English School, Birtamode-4 or submit directly to the school office latest by **25th of Falgun, 2077** BS.

*Ph No: 023- 540172, 540767 (Only short listed candidates will be called for the interview).*

**ST. XAVIER'S SCHOOL, DEONIA**

JHAPA, BIRTAMODE-8, NEPAL

Phone no. 023-455071/455768

**TEACHERS REQUIRED**

The eligible candidates are invited for the following **Full Time** Regular teaching posts with the qualifications as stated below:

1. Botany M.Sc. (Bot) with min. 50% ; No. of post -01
2. Zoology M.Sc. (Zoo) with min. 50% ; No. of post -01
3. Computer M.Sc. (Comp) with min. 50% ; No. of post -01
4. Commerce M. Com. with min. 50% ; No. of post-01

Candidate with either B.Ed. or M.Ed. as an additional qualification will be preferred.

**Monthly salary :** Negotiable.

Applications with complete Bio Data and supporting documents there of must reach the office of the Principal, **St Xavier's School**, Deonia, Birtamode-8 on or before March 25, 2021.



## प्रहरी जवानको परीक्षा दिने २२ जना नक्कली परीक्षार्थी पक्राउ

**झापा, फागुन २३।** लोकसेवा आयोग दिपायल केन्द्रबाट महेन्द्रनगर क्षेत्रका विभिन्न परीक्षा केन्द्रमा सञ्चालन भएको प्रहरी जवान (खुल्ला तथा समावेशी) जनपदको लिखित परीक्षामा नक्कली परीक्षार्थी बनी परीक्षा दिने २२ जनालाई प्रहरीले शनिबार पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक अमरबहादुर थापा क्षेत्रीका अनुसार नागरिकताको प्रमाणपत्र र प्रवेश पत्रमा फोटो परिवर्तन तथा किर्ते हस्ताक्षर गरी नक्कली परीक्षार्थी बनेर परीक्षा दिनेहरुलाई पक्राउ गरी अनुसन्धान भइरहेको छ ।

## बलात्कार गरी गर्भवती बनाएपछि...

**सप्तरी, फागुन २५।** बलात्कार गरी गर्भवती बनाएको आरोपमा प्रहरीले विष्णुपुर गाउँपालिका-५ बोरियाका ३५ वर्षीय मोहम्मद रहमुल मियाँलाई पक्राउ गरेको छ ।

आरोपितले २०७७ जेठ २६ गते बलात्कार गरी गर्भवती बनाएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा गत असोज २९ गते उजुरी दिएको थियो । आफ्नो घरको कोठामा बसिरहेका बेला कोही नभएको मौका छोपी घरमा मूल ढोका लगाई ओच्छ्यानमा लडाएर बलात्कार गरेको पीडितले बताइन् ।

पीडितले जिल्ला प्रशासन कार्यालयमा समेत २०७७ कात्तिक ३ गते उजुरी दिएकी थिइन् । जिल्ला प्रहरी कार्यालयले कात्तिक ४ गते उजूरी दर्ता गरे पनि पक्राउ नपरेका आरोपितलाई गाउँघरमै लुकेर बसेको अवस्थामा आइतवार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भूवनेश्वरप्रसाद साहले बताए ।

बलात्कारबाट गर्भवती बनेकी पीडितबाट राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा गत कात्तिक १५ गते छोराको जन्म भएको थियो ।

# जिल्ला स्तरीय व्याडमिन्टन शुरु



**झापा, फागुन २३।** झापाको बिर्तामोडमा आइतवारबाट जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिता शुरु भएको छ ।

लायन्स क्लव अफ अनारमनीको आयोजनामा 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारासहित 'झापा जिल्ला स्तरीय दोस्रो लायन्स खुल्ला व्याडमिन्टन प्रतियोगिता' शुरु भएको हो ।

बिर्तामोड व्याडमिन्टन क्लवको हलमा शुरु भएको प्रतियोगिताको उद्घाटन लायन्सका एलसी आई एफ डिस्ट्रिक कोअर्डिनेटर लीला चिमरिया, जोन पर्सन शैलेन्द्र कुरुङ्वाङ, रिजन चेयर पर्सन ओमकृष्ण विमली र एरिया चेयर पर्सन सत्यनारायण शर्माले संयुक्त रुपमा गरे ।

प्रतियोगितामा यस वर्ष खुल्लातर्फ ३२ र भेट्रानतर्फ २३ टिम सहभागी रहने लायन्स क्लव अफ अनारमनीका तृतीय उपाध्यक्ष तथा खेलकुद संयोजक दीपक पोखरेलले जानकारी दिए ।

प्रतियोगिता उद्घाटन सत्रमा कार्यक्रमका प्रमुख अतिथि चिमरियासहित बिर्तामोड उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष बलराम कार्की, लायन्सका रिजन चेयर पर्सन ओमकृण बिमली, लायन्स क्लव अफ अनारमनीका सदस्य रामअवतार घिमिरे लगायतले बोलेका थिए ।

लायन्स क्लव अफ अनारमनीका अध्यक्ष डा. गौरीशंकर झाको अध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटन सत्रको कार्यक्रमको सञ्चालन व्यवसायी रवीन्द्र भट्टराईले गरेका थिए ।

प्रतियोगितामा खुल्ला तर्फका प्रथमले नगद २५ हजार, द्वितीयले २० हजार र तृतीय हुने टिमले आठ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र पाउने छन् । त्यस्तै भेट्रान तर्फ प्रथमले २० द्वितीयले १५ र तृतीय हुनेले ५ हजार रुपैयाँ नगद तथा ट्रफी र प्रमाणपत्र हात पार्ने छन् ।

## ठक्कर खाँदा दुई जनाको मृत्यु

**मोरङ, फागुन २३।** मोरङ सुन्दरहरैंचा नगरपालिका-७ गोठगाउँस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा हाईस र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

बा४ ख ६९६ नम्बरको हाइस गाडी र बिपरीत दिशाबाट आउँदै गरेको प्र२-०२-००१प३८७८ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाई दुर्घटना हुँदा घाइते भएका मोटरसाइकलमा सवार बेलबारी-११ बस्ने २१ बर्षीय अर्जुन न्यौपाने र सोही स्थान बस्ने २१ बर्षीय मनोज कटुवालको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

सो दुर्घटनामा हाइस चालक काठमाडौं बस्ने गणेश थापा र सहचालक बेलबारी बस्ने उत्सब गिरी समेत घाइते भई बिराट अस्पताल विराटनगरमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

## पत्रकार सेढाईलाई मातृशोक



**झापा, फागुन २३।** नेपाल प्रेस युनियन झापाका सदस्य शेखर सेढाईलाई मातृशोक परेको छ ।

कमल-७ मूलघर भएका सेढाईकी ८३ वर्षीया आमा टंकमाया सेढाईको मृत्यु भएको हो । ग्लोवल संसार मिडियाका सञ्चालक समेत रहेका शेखर झापाको बिर्तामोडमा रहेर पत्रकारिता गर्दै आएका छन् ।

ठूलोबाह्रघरे निवासी मृतक सेढाईका आठ छोराहरु छबिलाल-ओममाया मोहनलाल-पम्फादेवी, तेजप्रसाद-गोमादेवी, महेन्द्र-नीरा, गंगा-जयन्ती र सविना, सोम-शारदा, तुलाराम- सीता र शेखर-रीता सेढाई रहेका छन् । दुई छोरीहरुमा यमुना भेटवाल र मीना खरेल रहेका छन् । ३० वर्ष अघि मृतक टंक मायाका श्रीमान् कमलप्रसादको निधन भएको थियो । श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि नोवल मेडिकल कलेज लाने क्रममा शुक्रवारराति उनको निधन भएको हो । १९९५ असार ८ गते विहीवार टंकमायाको जन्म आठराई छिन्ताङमा भएको थियो ।

## मिडिया नेपाल केन्द्रीय सदस्यमा प्रसाई



**गोपाल पौड्याल**
**केन्द्रीय अध्यक्ष**



**रञ्जित प्रसाई**
**केन्द्रीय सदस्य**

**झापा, फागुन २३।** मिडिया नेपालको केन्द्रीय सदस्यमा झापा बिर्तामोडका पत्रकार रञ्जीत प्रसाई सर्वसम्मत चयन भएका छन् ।

बुटबलमा सम्पन्न राष्ट्रिय भेलाबाट पत्रकार प्रसाईं केन्द्रीय सदस्यमा चयन भएका हुन् । उनी मिडिया नेपालको झापा अध्यक्षको समेत जिम्मेवारीमा छन् । पत्रकार महासंघ झापाको कार्यसमिति सदस्य प्रसाईं आँगन एफएमका स्टेशन मेनेजर हुन् ।

भेलाले गोपाल पौड्याललाई अध्यक्ष पदमा पुनः सर्वसम्मत चयन गरेको छ । भेलाले पौड्यालको अध्यक्षतामा २७ सदस्यीय कार्यसमिति पनि सर्वसम्मतिले चयन गरेको हो ।

त्यस्तै सदस्यहरुमा सूर्य बाँस्तोला, मुकुन्द ढुंगाना, श्रीधर सुवेदी, राधिका जोशी, अंगत देवकोटा, मोहन ढुंगेल, कृष्ण खनाल, बिजय राउत, पुरु दाहाल, निरनराज बाना, अङ्गद देवकोटा, हेमबाबु लेखक, राधिका श्रेष्ठ, सविता पोखरेल, बिमल जैरु, सुमन भट्ट, बिजय नेपाल, विकल रेग्मी, दिनेश सिटौला, काशी शर्मा, विकल श्रेष्ठ, दिलमाया तामाङ, सुवास खवास, गणेश शर्मा, राजेन्द्र बस्नेत, सुरेश शिल्पकार, दिपेशराज थारु र अनिल श्रेष्ठ रहेका छन् । राष्ट्रिय भेला नौ बुँदे घोषणापत्र जारी गर्दै बुटवलमा सम्पन्न भएको छ ।

## टेम्पो पल्टिँदा चालकको मृत्यु

**इलाम, फागुन २३।** इलामको सूर्योदय नगरपालिका-९मा टेम्पो पल्टिँदा एक जनाको मृत्यु भएको छ ।

गोर्खेबाट फिक्कलतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ह ७९०१ नम्बरको टेम्पो आफैं अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका अटोचालक स्थानीय ४२ बर्षीय सुकमान राईलाई फिक्कल अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय पशुपतिनगरले जनाएको छ ।

### नेकपा ...

पुरानै पार्टीका नाममा फर्किएका छन् र नेकपा अलगअलग पार्टी भएको ठहर भएको छ । सर्वोच्च अदालतको यो फैसलासँग दुई पार्टीको चिह्नको विवादसमेत अन्त्य हुने देखिएको छ ।

**अदालतको फैसला मान्छौं, कार्यान्वयन गर्छौं: प्रम ओली**

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले अदालतको फैसला मान्ने बताएका छन् । नयाँ बानेश्वरस्थित संसद् भवनबाट बाहिरिने क्रममा नेकपाबारे सर्वोच्च अदालतले आइतवार गरेको फैसलासँग सम्बन्धित रही सञ्चारकर्मीले राखेको जिज्ञासामा उनले सो फैसला कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अपरान्ह करिब ४ बजे संसद् भवन प्रवेश गरेका प्रधानमन्त्री ओली करिब आधा घण्टा बसेर फर्किएका थिए । सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी ऋषिराम कट्टेलले नेतृत्व गरेकै पार्टीको भएको तथा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अलग-अलग राजनीतिक दलका रुपमा साबिककै अवस्थामा कायम रहने फैसला गरिसकेको छ ।

**प्रतिनिधिसभाको सातौं अधिवेशन फागुन २६मा**

प्रतिनिधिसभाको बैठक फागुन २६ गते दिउँसो १ बजेसम्मका लागि स्थगित भएको छ ।

आइतबार बोलाइएको बैठक नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले अवरोध गरेपछि संसद सचिवालयले सूचना टाँस गरेर बैठकको नयाँ मिति फागुन २६ गते दिउँसो १ बजेका लागि तोकिएको हो । आइतबारको संसद बैठक नेकपाको प्रचण्ड-माधव समूहले बहिष्कार गरेको थियो भने कांग्रेस र जसपाले नाराबाजी गर्दै अवरुद्ध गरेको हो ।

### गिरिराजकुमारी ...

गर्न शुरु गरेकोमा जेसीजकी अध्यक्ष स्वस्तिका आचार्य सिटौलाको प्रशंसा गरेका थिए । कार्यक्रममा अध्यक्ष सिटौलाले फरक-फरक विधामा सक्रिय महिलालाई उत्कृष्ट नारी घोषणा गरी प्रत्येक वर्षको अन्तर्राष्ट्रिय नारी दिवसमा उत्कृष्ट नारी सम्मान गरिने जानकारी दिइन् ।

कार्यक्रममा वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष कञ्चना ढकाल सिटौलाले आस्था वाचन गरेकी थिइन् भने सम्मानको औचित्यमाथि पूर्वअध्यक्ष राधा सुव्वाले प्रकाश पारेकी थिइन् ।

जेसीआई मिसन र भिजन तथा नेपाल जेसीज र वीरता लेडी जेसीजको यस बर्षको प्रकरण वाचन वीरता लेडी जेसीजकी सेलिसा उप्रेतीले गरेको कार्यक्रमको सञ्चालन अध्यक्ष सिटौलाले गरेकी थिइन् ।

उत्कृष्ट नारी सम्मान छनौट समितिको तर्फबाट संयोजक नारी सञ्चार गृह झापाकी अध्यक्ष भीमा शिवाकोटीले २०७७ को उत्कृष्ट नारीको रुपमा प्रसाईंको नाम घोषणा गरेकी थिइन् । छनौट समितिमा सञ्चारकर्मी कुमार भट्टराई र वीरता जेसीजका पूर्व अध्यक्ष शिवकुमार अग्रवाल सदस्य रहेका थिए ।

कार्यक्रम सकिए लगत्तै स्कटिङसहित उत्कृष्ट नारी प्रसाईं, छोरा विवेककेशरी प्रसाईं र बुहारी संगीता प्रसाईंलाई बिर्तामोड नगर परिक्रमासहित बिर्तामोड-५ देवीवस्तीस्थित निवास पुर्याइएको थियो ।

### चिया ...

चिया कृषि क्षेत्रमा परे पनि नेपाल विद्युत् प्राधिकरणले डिमान्ड चार्ज लिँदै आएको उनले बताए । सरकारले चिया क्षेत्रमा ५ प्रतिशत अनुदान दिने घोषणा गरे पनि त्यो कार्यान्वयनमा नआउँदा समस्या झेल्नु परेको बताउँदै उनले भने- 'माग भन्दा बढी नेपालमा चिया उत्पादन हुन्छ, चियाको गुणस्तर राम्रो छैन भने बिक्री हुँदैन, राज्यले यसतर्फ ध्यान दिएर चियाको गुणस्तरसँगै तेस्रो मुलुक चिया बजारीकरण गर्न ठोस् नीति र कानून नै ल्याउनु पर्छ ।' गिरी बन्धु टी इस्टेटका सहीकुमार राईले भने- 'यहाँको चिया गुणस्तर छ कि मान्यता प्राप्त गुणस्तर छ ? यसतर्फ राज्यले के हेरिरहेको छ ?' वैज्ञानिक र व्यवहारिक रुपमा टाँस नल्याएसम्म चिया क्षेत्रको विकास नहुने उनको भनाइ छ ।

जिफन्ट प्रदेश १का उपाध्यक्ष सन्तकुमार राईले चियाको परिमाण होइन, गुणस्तर चाहिएको बताए । हरियो चिया पत्ती मेसिनले टिप्न थालिएको छ, अब यसको गुणस्तर कस्तो हुन्छ, आफैं सम्झिनुहोस्- उनले भने- 'राज्यले दिने सेवासुविधाको बारेमा अनुगमन गर्नु पर्‍यो, चिया उद्योगी र मजदुरबीचको सम्झौता कार्यान्वयन गर्नुपर्‍यो, हामीले आन्दोलन चाहेका होइनौं, सेवासुविधा खोजेका हौं ।' त्यस्तै पत्रकार माधव बिद्रोहीले चियाको गुणस्तरको विषयमा प्रश्न उठाएका थिए । अक्सन प्रणाली नहुँदा चिया क्षेत्रमा समस्या देखिएको बताउँदै उनले 'टी बोर्डको केन्द्रीय कार्यालय झापामा हुनुपर्ने हो, चियाको राजधानी यहाँ अनि केन्द्रीय कार्यालय काठमाडौंमा हुँदा यहाँका समस्या कसरी थाह पाउने हो ?'

त्यस्तै राष्ट्रिय चिया तथा कफी विकास बोर्डका केन्द्रीय सदस्य हर्क तामाङले २०४९ ऐन वैज्ञानिक नहुँदा चिया क्षेत्रको समस्या जटिल बन्दै गएको बताए । 'हामीले बोर्ड बैठकमा पनि ऐन संशोधनको बारेमा कुरा उठाएका छौं'- उनले भने- 'ऐन संशोधन नभएसम्म चियाको विकास हुन सक्दैन ।'

त्यस्तै राष्ट्रिय चिया तथा कफी विकास बोर्डका केन्द्रीय सदस्य आदित्य पराजुलीले दुई वर्षअघि नै चिया क्षेत्र बचाऊ अभियान थालेको बताए । मन्त्रीलाई भेटेर पटक-पटक चिया क्षेत्रमा देखिएका समस्याको बारेमा फाइल पेश गर्दा पनि अहिलेसम्म समाधान हुन नसकेको भन्दै उनले भने- 'मन्त्री फेरबदलले पनि चिया क्षेत्र ओझेलमा पर्दै गइरहेको छ ।' चियाको गुणस्तरमा ध्यान दिए मात्र चिया क्षेत्रलाई बचाउन सकिन्छ- उनले भने- बोर्डका लागि आवश्यक बजेट ल्याउन बैठकमा पहल गरिनेछ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका क्षेत्रीय निर्देशक प्रेम आचार्यको अध्यक्षता तथा जिल्ला समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेलको प्रमुख आतिथ्यमा भएको छलफलमा भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ, झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, कृषि ज्ञान केन्द्र झापाका शालिकराम भट्टराई लगायतले बोलेका थिए ।

बोर्डको बजेट अवस्था बारे कुसुम भण्डारीले जानकारी गराएको कार्यक्रमको सञ्चालन मीनबहादुर अगुवाले गरेका थिए ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**


## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।११।२५ | ११ केभीए बजार फिडर | अनारमनी वितरण केन्द्र बजार फिडर अन्तर्गतको मुक्तिचोक पश्चिमदेखि जगतबस्ती हुँदै भगवान चोक वरिपरिका क्षेत्रहरु । | बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म | रोड क्रसिङ तारहरु हटाउने कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

साविक अनारमनी नगरोन्मुख गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री पुण्यप्रसाद रेग्मीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सासहित निवेदन पेश गर्नुभएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त विवरणमा तपाईंको कुनै हकदावी भए, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणपत्रसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै पनि दावी विरोध नभए कानून बमोजिम भइ जाने व्यहोरासमेत सूचित गरिन्छ ।

तपशिल
१) पूर्वतर्फ चन्द्रबहादुर राउत
२) पश्चिमतर्फ श्री बाटो
३) उत्तर तर्फ श्री चन्द्रबहादुर राउत
४) दक्षिणतर्फ डोमालाल रंगशाला

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|---|
| बिर्तामोड-३ | १७९.०१५९ | ४९० | ३३८.६२ | २०७७।१०।२१ | २०७७।११।११ | २०७७।१०।२१ |

## श्री पञ्चमणि माध्यमिक विद्यालय

बाह्रदशी-६, झापाको

## अंग्रेजी र गणित मावि तह शिक्षक पदपूर्ति सम्बन्धी सूचना

यस श्री पञ्चमणि माध्यमिक विद्यालय बाह्रदशी गा.पा. वडा नं. ६ झापाको शिक्षण सिकाई अनुदान मावि तह अंग्रेजी र गणित विषय शिक्षक छनौट समितिको मिति २०७७।११।२३ गते बसेको बैठकको निर्णय अनुसार सो शिक्षक पदपूर्ति गर्न नेपाली नागरिकहरुको लागि विज्ञापनको दरखास्त आव्हान गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं | विज्ञापन नं. | विषय | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१।०७७।०७८ | अंग्रेजी | १ | |
| २ | ०२।०७७।०७८ | गणित | १ | |

२) तह श्रेणी, किसिमः मावि तृतीय अनुदान करार
३) शैक्षिक योग्यताः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षा संकायबाट स्नातक तहमा मूल विषय अंग्रेजी र मूल विषय गणित लिएर उत्तीर्ण गरेको ।
४) तलब स्केलः मावि तृतीय श्रेणीको शुरु तलब स्केल (३५,९९०)
५) आवश्यक कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताहरुका प्रमाणपत्रहरुको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो
६) उमेरः १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको, शिक्षक सेवा, नियमावली (२०५७ संशोधनसहित) बमोजिम अयोग्य नठहरिएको व्यक्ति ।
७) दरखास्त पेश गर्ने मिति २०७७।११।२३ गतेदेखि मिति २०७७।१२।०१ गते आइतवार सम्म
८) परीक्षा दस्तुरः १५००।- (एक हजार पाँच सय मात्र)
९) सम्पर्क मितिः २०७७।१२।०२ सोमवार
१०) परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
११) परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यक परे प्रयोगात्मक समेत ।
१२) परीक्षा सामेल हुन आउँदा सक्कल प्रमाणपत्र अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।
१३) म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई मान्यता दिइनेछैन ।
१४) सम्पर्क फोन नं. ९८१७९६३०७४, ९८१५९३५११८, ९८११०४८१९९

**कृष्णकुमार राईः प्रधानाध्यापक**

## श्री भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर झापाबाट जारी गरिएको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला झापा अर्जुनधारा-११ बस्ने कृष्णकुमारी शिवाकोटीले मेरो श्रीमान् टंकप्रसाद शिवाकोटीको मृत्यु भएको, निजको जेठी पत्नी मेरो सौतेनी दिदी पुन्यकुमारी शिवाकोटीले दोस्रो विवाह गरी गएको, निज जेठी पत्नीतर्फबाट जायजन्म भएका १ मात्र छोरा कमलप्रसाद शिवाकोटी पनि लामो समयदेखि सम्पर्कविहीन रहेको हुँदा मेरो श्रीमान् टंकप्रसाद शिवाकोटीको नाममा दर्ता कायम शनिश्चरे-६ को कि.नं. ११७ को ज.वि.०-०-१८ जग्गा निजको शेषपछिको सबैभन्दा नजिकको हकदार म कान्छी श्रीमती कृष्णकुमारी शिवाकोटीको नाममा एकलौटी नामसारी गरी पाउँ भनी अर्जुनधारा-११ को च. नं. २११९ मिति २०७७/११/१८ को सिफारिससहित यस कार्यालयमा द. नं. २७८१८ मिति २०७७/११/१९ मा निवेदन पेश गरेको हुँदा तपाई पुन्यकुमारी शिवाकोटीको नाममा यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबीको निवेदन पेश गर्नुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

***ईति सम्वत २०७७ साल फागुन २३ गते रोज ०१ शुभम्***


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## 'जाऔं जाऔं अर्जुनधाराधाम'

पूर्वका पशुपतिनाथ श्री अर्जुनधारा जलेश्वरधामद्वारा महाशिवरात्री विशेष कार्यक्रम 'एक साँझ शिवका माझ' एक शिव ताण्डव नृत्य तथा एकल शिव भजन गायन प्रतियोगिता हुने भएकाले सम्पूर्ण संगीत तथा नृत्य विद्यालय, सामुदायिक तथा आवासीय विद्यालयहरुलाई सहभागिताका लागि हार्दिक आव्हान गर्दछौं ।

**पुरस्कार तथा सम्मान**

**१) नृत्य**
**प्रथमः** रु. ५१,०००।-
**द्वितीयः** रु. ३१,०००।-
**तृतीयः** रु. २१,०००।-
**सान्त्वनाः** रु. ५/५ हजार (२ जनालाई)

**२) गायन**
**प्रथमः** रु. ३१,०००।-
**द्वितीयः** रु. २१,०००।-
**तृतीयः** रु. ११,०००।-
**सान्त्वनाः** रु. २/२ हजार (२ जनालाई)



**अडिसन**
**विहानः १० बजेदेखि**
**गायनः २५/११, २६/११ नृत्य**

**ग्राण्ड फिनाले**
**अन्तिम प्रतियोगिता १०/१० जना**
**२७।११।०७७ साँझ ५ बजेदेखि**

**सम्पर्कः संयोजक (देवीभक्त श्रेष्ठः ९८५२६४११२५)**
**धाम सम्पर्कः (सुधिर बस्नेतः ९८०४९०११२५)**

आयोजकः **अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा, झापा

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## नारी दिवस र हाम्रो भूमिका

**'यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवता' पूर्वीय दर्शनको उल्लेखित अंशले नारी शक्तिको महत्वलाई उजागर गरेको छ । जसले नारीको पूजा हुने ठाउँमा देवता पनि रमाएर बस्छन्, रमाउँछन् भन्ने अर्थ बोकेको छ । त्यसैले पनि नारीप्रति सम्मान गर्नुपर्छ भनेर कुनै दोस्रो वा तेस्रो देशको उदाहरण हाम्रा लागि अनुपयुक्त हुन्छ । बरु पूर्वीय दर्शनकै भावभूमिबाट अनुप्रणित भएर हुनसक्छ अहिले नारी समानता, सम्मान र सहभागितालाई अपरिहार्य गराइएको । यद्यपि समान अवसर, समान ज्याला र समान भूमिकाको औपचारिक माग शुरु भएको एक शताब्दीभन्दा बढी भएको छ तथापि विश्व समाजमा यसको प्रत्याभूति भइरहेको छैन । त्यहीकारण अंग्रेजी महिनाको मार्च ८ का दिन अन्तर्राष्ट्रिय नारी दिवस मनाएर महिला अधिकार, सशक्तिकरण, समानता र महिलालाई सम्मान दिनुपर्छ भन्ने सन्देश प्रवाह गर्ने गरिएको छ ।**

**नारी सेवा, त्याग, संयम, सहिष्णुता र सद्भावका प्रतीक हुन् । आदिम युगमा वनमान्छेको झगडालु, इर्ष्यालु स्वभावलाई नारीकै दया, प्रेम, सेवा र सद्भावले बाँधेर परिवार र समाज नामको सभ्यतामा प्रवेश गराएको थियो । त्यही पारिवारिक वातावरणले मानव सभ्यता विकसित हुँदै आजको यो अवस्थामा आइपुगेको हो । तसर्थ आजको मानव जातिको सामर्थ्य, सिप र सभ्यताका पछि नारी जातिको अतुलनीय योगदान रहेको मान्नै पर्छ । अनि पनि पूर्वेली समाज व्यवस्थामा मध्यकालमा महिला र पुरुषका बीच अवसर, अधिकार र अस्तित्वका विषयमा विभेद हुन थाल्यो । कुमारी, देवी र पञ्चकन्याका रुपमा पूजा गर्नुपर्ने जातिलाई अमानवीय व्यवहार गर्न थालियो । आज समानता, सहअस्तित्वको जतिसुकै चर्को भाषण गरिए पनि निर्मला पन्त, भगिरथी भट्ट लगायतका छोरीहरुले बिना अपराध मृत्युवरण गर्नु परेको छ । साना बालिकादेखि वृद्धाहरुसम्मले अनेक दुर्व्यवहार, हिंसा र शोषणको शिकार हुनु परेको छ ।**

**आमा, दिदी, बहिनी, छोरी, बुहारी वा यस्तै फरक परिचय बनाइने नारी जातिको स्नेह, करुणा र समर्पित मायाको पछ्यौरीभित्र पुरुष जीवनका अवयवहरु सञ्चालित हुन्छन् । त्यहीकारण कृतज्ञता जाहेर गर्न पनि नारी दिवस मनाउन थालिएको हुनसक्छ । कतिपय विकसित भनिने मुलुकहरुमा पनि लैङ्गिक विभेद अझै कायम छ भने धेरैले अनेक प्रकारका उत्पीडन भोग्नु परिरहेको छ । कतिपय देशमा अझै नारी जातिलाई केवल 'भोग्या' वा 'वस्तु'का रुपमा प्रयोग गरिँदैछ । हामीकहाँ भने संविधानतः अवसर, अधिकार र अस्तित्वको आधारमा बराबरीको दर्जा दिइएको छ । तर, पनि कतिले हिंसा, उत्पीडन, शोषण खपेर बाँच्नु परेको छ । पुस्तकको ज्ञान परीक्षामा आफै नलेखिए जस्तै हाम्रा फितलो कार्यान्वयन प्रक्रियाले समानताको अनुभूति गर्न नपाइरहेको बेला आएको यो दिवसले स्नेह र ममताका खानी नारी जातिको त्याग, सेवा र समर्पण प्रति कृतज्ञ बन्ने प्रेरणा दिओस् । नारी जीवित देवी हुन्, सौन्दर्य, धैर्य, सेवाका प्रतिमूर्ति हुन् । त्यसैले आजको दिनले नारी जातिप्रति नतमस्तक हुने, सम्मान र स्नेह गर्ने भाव जाग्रत होस् शुभकामना ।**

# पदलोलुपताको ध्वाँसो दलिएको गणतन्त्रको अनुहार



तीर्थराज खरेल

एउटा यस्तो देश हो जहाँको शासनतन्त्रमा सैद्धान्तिक रूपले देशको सर्वोच्च पदमा आम जनताबाट कुनै पनि व्यक्ति पदासीन हुन सक्छ । यस प्रकारको शासनतन्त्रलाई गणतन्त्र भनिन्छ । आजको राज्यव्यवस्थाको मूल अभिव्यक्ति गणतन्त्र हो । जनताका छोराछोरी निर्वाचनका माध्यमबाट राज्यको सबभन्दा उपल्लो स्थान अर्थात् राष्ट्रपति बन्न सक्ने व्यवस्था नै गणतान्त्रिक व्यवस्था हो । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था छ यतिबेला । २०६५ जेठ १५ गते रातको १० बजिसकेको थियो, संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयनको प्रस्ताव पारित गरेपछि नेपाल विधिवत् गणतन्त्रमा प्रवेश गरेको हो । नेपालमा स्थापना भएको गणतन्त्र अहिलेका दलका नेताहरुले ल्याएको हो र यो ल्याउन धेरथोर जनताको चाहना पनि थियो । नेपालको इतिहासमा सामन्तवादी निरंकुशताविरुद्ध राजनीतिक आन्दोलनको आरम्भ भएपछि गणतन्त्रको विजयको यात्राको शुभारम्भ भएको मान्न सकिन्छ । नेपाली गणतान्त्रिक चेतनाको औपचारिक र मूर्त अभिव्यक्ति राणाशासन विरोधी आन्दोलनकै सेरोफेरोबाट भएको हो । एक सय वर्षको अवधिको पृष्ठभूमि बोकेको गणतन्त्र प्राप्तिको चाहना र चेतना लामो कालखण्डदेखि नेपाली समाजमा कुनै न कुनै रुपमा विद्यमान रहेको थियो ।

नेपाली समाजमा प्राचीन कालमा वंशानुगत राजतन्त्रको आरम्भ हुँदाताकादेखि नै पनि राजतन्त्र विरोधी चेतना थियो । राजतन्त्र र सामन्तवादका विरुद्ध विद्रोह बोलिरहने प्रखर सुधारवादी चेतना र वर्णवाद, जातिवाद, हिंसावाद र कर्मकाण्डी संस्कारका विरोधका गर्भबाट गणतन्त्रको भ्रुण विकास भएको हो । गणतान्त्रिक चेतनाभित्र वर्गीय, जातीय, नश्लीय, लैङ्गिक तथा क्षेत्रीय उत्पीडनको कारक सामन्तवाद र पुँजीवाद समेतका विरुद्धको चेतना लुकेको छ । उत्पीडनलाई कायम राखिराख्ने यथास्थितिवादी परिपाटी र व्यवस्थाका विरुद्धको र त्यसको अन्त्यको चाहनाबाट गणतन्त्र निःसृत भएको हो । विपरीत सिद्धान्त र धारका पात्रहरूबीच पनि सोच्नै नसकिने सहकार्य र सहयात्राका कारण गणतन्त्रको भ्रुण जन्मेको हो ।

भारतीय राजनीतिमा दक्षिण एसियाली र विशेषगरी नेपाल सम्बन्धी अध्ययन भएका मानिने 'थिंक ट्र्यांक' एस.डी. मुनिले नेपाली गणतन्त्र आफ्नो ह्याचरीमा कोरलेको चल्ला भएको बताएको आधारमा भन्न सकिन्छ- नेपालको राजनीतिमा सदैव प्रत्यक्ष-परोक्ष प्रभाव राख्ने छिमेकी मुलुक भारतमा २०६२ सालमा तत्कालीन विद्रोही नेकपा माओवादी र संसदीय राजनीतिमा विश्वास गर्ने सात राजनीतिक दलबीच सम्पन्न १२ बुँदे सम्झौताको पृष्ठभूमिमा नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएको हो । गणतन्त्र स्थापना भएको पनि एक दशक बितिसकेको छ । शाह वंशका अन्तिम राजा ज्ञानेन्द्रले राजतन्त्रको प्रतिकको रुपमा रहेको राजशाही आवास नारायणीहिटी छोडेको धुमिल स्मृति मात्र छ । उनले शान्त र गम्भीर रुपमा गद्दी त्यागेर कुनै विद्रोह नगरी नेपाल सरकारले छुट्याएको गोकर्णस्थित आवासमा बसाइँ सरेका थिए । यो इतिहाससिद्ध कुरा हो ।

नेपाली जनताको सात दशकभन्दा बढी समयदेखि जनताले निर्वाचित गरेको संविधानसभाबाट जनताका लागि संविधान बनाउने संकल्प थियो । यो चाहना २०७२ सालमा मात्र पूरा भएको मानिन्छ । तर, गणतन्त्रको सहउत्पादनको रुपमा राजतन्त्रको अवशेष गणतन्त्रवादी भनी मानिएको नेताहरुमा औतारी लामामा आत्मा जागे जस्तो वा दुष्टात्माले प्रेत जगाए जस्तो गरी देखा पर्‍यो । यसबाट के पुष्टि भयो भने यथार्थमा नेपालबाट सामन्तवादी राज्यव्यवस्था बिदा भइसकेको थिएन । राजतन्त्रलाई सामन्तवादी राज्यसत्ताको उपरी संरचनाको रुपमा हेरिन्छ । नेपाली जनताको संघर्ष सामन्तवादी राज्यव्यवस्थाविरुद्धमा थियो र भन्न सकिन्छ नेपाली जनताको निरन्तरको संघर्ष राजतन्त्रविरुद्ध मात्र लक्षित थिएन, त्यो त बँचेखुँचेका सामन्तवादी अवशेष र मानवता विरोधी शोषणको मुख्य आधार दलाल पुँजीवादी व्यवस्थाका विरुद्ध थियो । राजतन्त्रलाई सामन्तवादी निरंकुशताको केन्द्रीकृत खम्बा मानियो, तर राजतन्त्र पुँजीवादी व्यवस्थाको पृष्ठपोषक भइसकेको थियो ।





दलहरुले राजालाई हटाए, बिडम्बना सामन्तवादी संस्कृति र पुँजीवादी व्यवस्था अहिले पनि कायम छ । अहिले त राजा छैनन्, दोष कसलाई दिने ? एकापसी मनमुटाव, पदलोलुपता र कुर्सीको तानातानमा समय व्यतीत गरेकाले जनतामा यिनै राजनीतिक चरित्रहरुले देखाएको बाटो गणतन्त्रको बाटो मान्दा गणतन्त्रप्रति नै वितृष्णा बढ्दै गएको छ । जनताले राजा हटेर जीवनमा परिवर्तन आएको महशुस हुन सकेको छैन । गणतन्त्रवादी नेताहरु प्रधानमन्त्री र मन्त्रीको दौडमा छन् । एक राजाको ठाउँमा दर्जनौं राजाहरु जन्माउन गणतन्त्रको स्थापना भएको होइन । नेपाली गणतन्त्रले जनअपेक्षित रुपमा आफूलाई दह्रो रुपमा उभ्याउन सकेन । गणतन्त्रका मुख्य रक्षक दलहरु तथा तिनका नेताहरुका क्रियाकलापकै कारण जनतामा निराशा बढेको छ ।

गणतन्त्रवादीहरु माथिको नेपाली जनताको विश्वासमा ह्रास आउनु राम्रो अवश्य होइन । नेताहरु पदलोलुपताले वशिभूत भएर आफ्नो इतिहास एकै पटकमा तिलाञ्जलि दिन तयार भएका छन् । निर्वाचनमा हारेकाहरु मनोनित कोटामा सांसद बन्नुपर्ने, निर्वाचनभन्दा अघि नै असमयमै प्रधानमन्त्री, मन्त्री र राष्ट्रपति बन्नुपर्ने लालसाले वशिभूत भएर आफ्नै दलमाथि वज्चरो प्रहार गर्ने विकृति र विसंगतिपूर्ण क्रियाकलापहरु बढिरहेका छन् ।

नेपालका सबै संघर्ष र आन्दोलनका उपलब्धिहरुलाई संस्थागत रुप भनेको आजको व्यवस्था हो । संघीय लोकतान्त्रिक गणतन्त्रबाट नेपाली जनताको चाहना र भावना सम्बोधन हुन सकेको छैन । यो व्यवस्थाले ठोस रुपमा श्रम गर्ने मेहनतकश जनताको जीवनमा खुशियाली ल्याएको छ ? यो गणतन्त्रले दीनदुःखीको दर्दमा मल्हमपट्टी लगाउन सकेको छ ? यो राज्यव्यवस्थाबाट जनताले जीवनमा खशीयाली पाएका छैनन् । धर्मनिरपेक्षता र संघीयतासहितको गणतन्त्रात्मक राज्यव्यवस्थाले नेपाली जनताको दीर्घ सपनाको सम्बोधन गर्न सकेको छैन । गणतन्त्रले जनतामा सन्तुष्टिको अभिवृद्धि गर्न आवश्यक छ । आजको व्यवस्था उत्पीडन र शोषण, विभेद र असमानतालाई नसहने बनाउने कसरी ? गणतन्त्रवादीहरुले आफ्ना विरोधीहरुलाई सत्तोसराप गर्नुभन्दा आफ्ना कर्म र गतिविधिलाई पुनरावलोकन गर्न जरुरी छ । सत्ताधारी दलभित्रकै अन्तरकलह र जनतालाई सुशासन दिन नसकेको पृष्ठभूमिमा जनतामा निराशा बढेको हो । दर्शन र चिन्तनका आधारमा गणतन्त्रको सपना आवश्यकता र उपयोगिताका आधारमा लिइदिँदा आजको समस्या देखिएको हो ।

वास्तवमा दलहरुमा सामन्तवाद विरोधी भावना र गतिविधिभन्दा प्रत्यक्ष-परोक्षरुपमा सामन्तवादलाई नै मलजल गर्ने र बढोत्तरी गर्ने क्रियाकलाप हुनु जनतामा निराशा बढ्ने मूल कारण हो । सामन्तवादी र पुँजीवादी व्यवस्था मानवद्वेषी व्यवस्था हुन् । सामाजिक न्याय र समताको सिद्धान्तविपरीत यी व्यवस्थाले मानवजातिलाई अमानवीकरण गर्ने र विभिन्न किसिमको उत्पीडन थोपर्ने कार्य गर्दछन् । रुपमा आएको गणतन्त्र सारमा प्रत्याभूत हुन सकेको छैन ।

नेपालको संविधान २०७२ ले दिशानिर्देश गरेको समाजवादोन्मुख राज्यव्यवस्थाको आधार खडा गर्न सकेमा मात्र गणतन्त्रको उपादेयता सिद्ध हुन सक्छ । गणतन्त्रले दहीचिउरा दिन सक्दैन भने पनि पानीचिउरा चाहिँ दिनुपर्छ । थारो गणतन्त्रको भ्रममा नेपाली जनता कहिलेसम्म बाँच्ने ? गणतन्त्रको सग्लो र जनअपेक्षा अनुरुप काम गर्ने अभिलाषा बोकेको अनुहारमा गणतन्त्रका नेताहरुले ध्वाँसो दलिरहेका छन् । कालो ध्वाँसो दलिएको गणतन्त्रको भविष्य कसरी जनमनमा सुरक्षित हुन सक्ला ? आजको नेपालको समकालीन राजनीतिको मूल यक्ष प्रश्न यही हो ।

*tirthakharel2028@gmail.com*

# महिलालाई हौसला प्रदान गरौं



रञ्जु प्याकुरेल

## सन्दर्भ : अन्तर्राष्ट्रिय नारी दिवस

अन्तर्राष्ट्रिय महिला दिवस हरेक बर्ष ८ मार्चका दिन विभिन्न कार्यक्रमहरुको आयोजना गरेर मनाइन्छ । हाम्रो देशमा यही फाल्गुन २४ गते मनाउन लागिएको छ । महिला बिकास, सम्मान र अधिकारका बिषयहरु मुख्य रुपमा उठ्ने गरे पनि महिला र पुरुष बराबर हुन भन्ने कुराको सन्देश दिनु नै यस दिवसको मुख्य उद्देश्य रहेको पाइन्छ ।

सन् १९०८ मा न्यूयोर्क शहरमा १५ हजारभन्दा बढी महिलाहरुले काम गर्ने समयसीमा, तलब वृद्धि र मताधिकारको प्रयोग गर्न पाउनुपर्ने माग गर्दै सडक आन्दोलन गरेका थिए । १९१० मा कोपेन्हेगेनमा भएको महिला सम्मेलनमा क्लारा जेट्किनले प्रस्ताव गरेपछि १९११ बाट यो दिवस मनाउन शुरु गरिएको इतिहास छ । विश्वका विभिन्न देशहरुले ५०औँ महिला दिवस मनाइसक्दा वि.सं. २०१६ बाट वीपी कोइरालाको पालादेखि नियमितरुपमा नेपालमा पनि मनाउन थालिएको हो ।

सन् १९९६ देखि यो दिवसलाई एउटा नारा दिन थालिएको हो । यसको पहिलो नारा 'विगतलाई उत्सवको रुपमा राखौं र भविष्यको लागि योजना बनाउँ' भन्ने थियो । गत बर्ष 'लैङ्गिक समानताको पुस्ता' भन्ने नारा थियो । त्यसैगरी यस बर्ष कोभिड-१९ को जटिल अवस्थामा पनि अग्रस्थानमा रहेर काम गर्ने स्वास्थकर्मी लगायतका नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिलाहरुको सम्मानमा *women in leadership : an equal future in a covide-19 world* अर्थात 'महिला नेतृत्व : कोभिड-१९ को अवस्थामा एक समान भविष्य' भन्ने हुन्छ । अब महिलाहरु पुरुषसँग बराबरी भएर काम गर्न सक्छन् भन्ने बुझ्नुपर्छ । यसले बिशेषतः कोरोना कालमा सफलतापूर्वक कार्य गर्ने महिलाहरुलाई इंगित गरेको छ ।

संसारभरि नै महिला विकासको क्रम तीव्र रुपमा भएको छ । हाम्रो जस्तो विकासोन्मुख देशमा पनि यो क्रम तीव्र नै छ । जस्तो दुःखमा पनि सहजै मुस्कुराउन सक्ने, सुख र दुःखको समायोजन गर्न सक्ने क्षमता मात्र महिलाहरुमा हुन्छ । पुरुष बराबर भएर मात्र होइन, अब त्यो भन्दा पनि अब्बल भएर आफ्नो कार्यकुशलता प्रस्तुत गर्छन् । महामारीको अवस्थामा धेरै छोरीहरुले काम गर्दागर्दै ज्यान गुमाएका छन् । विचलित नभई कार्य क्षेत्रमा खटिनु, पारिवारिक सुखसयल, दूध बालकलाई समेत छोडेर अहोरात्र कार्यक्षेत्रमा खटिने महिलाहरु वास्तवमै सम्मान योग्य भएको ठहर गर्नु सराहनीय छ ।



महिला नेतृत्वलाई देखावटी रुपमा मात्र अगाडि ल्याउने हाम्रो समाजले नेतृत्वदायी भूमिकामा त्यति रुचाउँदैन । सेरेमोनियल भए पनि महिला राष्ट्रपति भएको हाम्रो देशमा महिला प्रधानमन्त्री कहिले बन्ने होला ? यो प्रश्न अझै कैयौं बर्ष अनुत्तरित नै रहनेछ । हुन त हाम्रो देशको संविधानले ४०% महिलाहरुलाइं स्थानीय तहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ठाउँका लागि आरक्षित गरेको छ । संविधानले प्रदत्त गरेका अधिकार ती महिलाहरुनले खासै प्रयोग गर्न पाएका देखिँदैन । अधिकांश ठाउँहरुमा पुरुषहरु र उनीहरुका श्रीमान्हरु नै हावी हुने गरेका छन् । आफैंले नगरी सिकिँदैन गर्नै नपाएपछि कसरी सिक्ने ? हुन त हाम्रो जस्तो देशमा महिलाहरु नै नेतृत्वमा आउन चाहँदैनन् । समय सन्दर्भले उनीहरुलाई यो काम जटिल हुन्छ ।

बच्चा जन्माउनु र स्वयम्ले तिनीहरुको स्याहार गर्नुपर्ने प्राकृतिक बाध्यताहरु ठूला चुनौति हुन् । सम्पत्तिमा निर्णायक अधिकार नहुनु, पारिवारिक जिम्मेवारीलाई राम्रोसँग पूरा गर्न नसक्दा सामाजिक कटाक्षको शिकार बन्नुपर्ने जस्ता कुराहरु पर्छन् । कतिपय अवस्थामा परिवारले सपोर्ट गरेको देखिन्छ, तर ती स्वार्थमा निहित हुन्छन् । आम्दानी गर्न घर बाहिर निस्कने महिलाहरुलाई परिवारले खासै रोकटोक गर्दैन, तर समाजसेवा मात्र गर्न निस्कँदा घर गृहस्थी नै दाउमा लगाउनु पर्ने अवस्था छ ।

हाम्रो धर्मशास्त्रले त महिलाहरुलाई नेतृत्वदायी भूमिकामा स्वीकारेको छ त । विद्याको क्षेत्रमा सरस्वती, धन दौलतको क्षेत्रमा लक्ष्मी, शक्ति अर्थात् पावरको क्षेत्रमा दुर्गाले नेतृत्व गरेको देखिन्छ । कहिले र कुन समयदेखि महिलामाथि थिचोमिचो शुरु भयो होला ? यो खोजिको विषय बनाऔं ।

यस्ता नेतृत्वदायी भूमिकामा महिलाहरुलाई अग्रसर गराउन सके सशक्तपूर्ण ढंगले कार्य गर्न सक्छन् । विभिन्न तह र तप्कामा रहेका नेतृहरु चाहे सरकारी सेवामा होस् चाहे सामाजिक सेवामा जहाँ भए पनि निःस्वार्थ भावनाले कार्य गर्ने आफ्नो कार्यकुशलताको परिचय बनाएका महिलाहरुको सम्मान गरौं, उत्प्रेरित गरौं, हौसला प्रदान गरौं ।

# जुकेखाडी सामुदायिक वनमा खड्का



**अर्जुनधारा, फागुन २३।** अर्जुनधारा-३ स्थित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा लोकतान्त्रिक प्रगतिशील प्यानलका झरिन्द्र खड्का (१३४७) मत प्राप्त गरी निर्वाचित भएका छन्।

निर्वाचन समितिका संयोजक वेदप्रकाश भण्डारीका अनुसार समूहको निर्वाचनमा प्रगतिशील प्यानलका उम्मेदवार दुर्गा न्यौपानेलाई ६२ मतले पराजित गर्दै खड्का अध्यक्षमा निर्वाचित भएका हुन्। पराजित न्यौपानेले (१२८५) मत प्राप्त गरेका थिए।

त्यसैगरी समूहको समूह उपाध्यक्ष, पर्यटन उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमश लोकतान्त्रिक प्रगतिशील प्यानलका नवीनकुमार ओली (१२८८), शुक्रराज दुलाल (१३७३), नर्वदा दियाली (१२८१), मोहन श्रेष्ठ (१३५४) र मनिला जबेगू (१२०८) निर्वाचित भएका छन्।

त्यस्तै प्रगतिशील प्यानलतर्फ समूह उपाध्यक्षका उम्मेदवार युवराज चापागाईंले (१२१५), पर्यटन उपाध्यक्षका उम्मेदवार बुद्धवीर विश्वकर्माले (११९२), सचिवकी उम्मेदवार हिमा मगरले (१२२९), सहसचिवका उम्मेदवार रविन गिरीले (११२२) र कोषाध्यक्षकी उम्मेदवार तेजमाया राईले (११४३) मत प्राप्त गरेका थिए।

समूहको विधान अनुसार १९ सदस्यीय कार्यसमितिको सदस्यहरुमा १३ जना निर्वाचित भएका छन्। यसरी निर्वाचित हुनेहरुमा समूह अर्न्तगत निर्वाचन क्षेत्र नम्बर १ बाट प्रगतिशील प्यानलका इन्द्रमाया घतानी (२८६), देवराज नेपाल (२३९) र पदमबहादुर कटुवाल (३०३), निर्वाचन क्षेत्र नम्बर २ बाट प्रगतिशील प्यानलका डम्बर जबेगू (१७३) र तुलसा नेपाल (१५२), निर्वाचन क्षेत्र नम्बर ३ बाट लोकतान्त्रिक प्रगतिशील प्यानलकी खिनमाया चापागाईं (२६८)सँगै प्रगतिशील प्यानलका लोकनाथ दुलाल (२८९) र मिनकुमार फागो (२५१) रहेका छन्।

त्यस्तै अन्य निर्वाचित हुनेहरुमा निर्वाचन क्षेत्र नम्बर ४ बाट लोकतान्त्रिक प्रगतिशील प्यानलका सविताकुमारी द्वौलाकोटी (४२२), ज्ञानबहादुर कार्की (४०४) र डिल्लीप्रसाद चापागाईं (३६७) र निर्वाचन क्षेत्र नम्बर ५ बाट प्रगतिशील प्यानलका मुना भट्टराई (१८६) र टेकेन्द्र पौड्याल (१८२) रहेका छन्।

निर्वाचन समितिका अनुसार समूहको कार्यालय र सोही नगरपालिका-४ स्थित शिवनारायण प्राथमिक विद्यालयको परिसरमा सम्पन्न भएको निर्वाचनमा जम्मा मतदाता तीन हजार नौ सय ७१ जनामध्ये दुई हजार नौ सय ३५ जनाले मतदान गरेका थिए।

# धुलाबारीमा साना मझौला साकोसको सेवा



**बिर्तामोड, फागुन २३।** बिर्तामोड-१ मा मुख्य कार्यालय रहेको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले मेचीनगरको धुलावारीमा सदस्य सेवाकेन्द्र (शाखा) कार्यालय सञ्चालनमा ल्याएको छ।

संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका सहकारी तथा सामाजिक विकास शाखा अधिकृत डिल्ली दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामलोचन न्यौपानेले स्वागत गरेका थिए।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक धुलावारी शाखाकी प्रबन्धक मुना घिमिरे, जनप्रिय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विष्णु लावती, कल्पवृक्ष कृषि सहकारी संस्थाका अध्यक्ष दिपेन्द्र अधिकारी र संस्थाका सुरुङ्गा शाखाका संयोजक राजेन्द्र उप्रेती लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए।

कार्यक्रममा संस्थाकी अध्यक्ष बस्नेतले २०६८ मा बिर्तामोडमा वित्तीय कारोबार शुरु गरेको सहकारीले सुरुङ्गा र मेचीनगरमा शाखा कार्यालय सञ्चालनमा ल्याएको बताउँदै दुई वर्षभित्रमा मेचीनगर शाखामा दुई हजार सदस्य पुर्‍याउने लक्ष्य रहेको जानकारी दिइन्।

धुलाबारीको नन्दा पेट्रोलपम्प नजिकमा स्थापना भएको शाखा कार्यालयको संयोजकमा भुपेन्द्र भट्टराई र व्यवस्थापकमा रामनाथ पोखरेल रहेको र सवै प्रकारका वित्तिय सेवा धुलावारीको शाखा कार्यालयबाट उपलब्ध गराइने उनले जानकारी दिइन्। कार्यक्रमको सञ्चालन संस्थाका सचिव तथा कार्यकारी प्रमुख चन्द्रकुमार भट्टराईले गरेका थिए।


## क्याफे बिक्रीमा

भद्रपुर रोड सूर्योदय टेलिभिजन छेउमा चालू अवस्थाको क्याफे तु-विक्रीमा छ। इच्छुकले चाँडै सम्पर्क राख्नुहोला।
सम्पर्क: ९८०७९३९०९७

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिला : १० जना उमेर : २० देखि ३० वर्ष
पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष
कार्यक्षेत्र : झापा जिल्लाभर

पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## पत्रिका पाउनु भएन भने ?

यदि तपाईले पूर्वाञ्चल दैनिक पत्रिका नियमित रुपमा पाइराख्नु भएको छैन भने सम्पर्क गर्नुहोस्। ९८४२६९६११२ (गोपाल अधिकारी), ९८०६०३३१५३ (सञ्जय श्रेष्ठ)


# शिक्षक र विद्यार्थीलाई विद्यालय मै खाना !



**ओखलढुंगा, फागुन २३।** ओखलढुंगाको खजेदेम्वा गाउँपालिका-९ दोराखर्कमा रहेको जनता आधारभूत बिद्यालयमा शिक्षक र विद्यार्थीलाई विद्यालय मै खानाको व्यवस्था गरिएको छ।

बिद्यालयमा एसेन्ट एड नेपालले क्यान्टिन निर्माण गरी विद्यार्थी र शिक्षकलाई विद्यालय मै खाना तथा खाजाको व्यवस्था गरेको हो। विद्यालयका विद्यार्थी तथा शिक्षकका लागि क्यान्टिन निर्माण गरिएको संस्थाले जनाएको छ।

एसेन्ट एड नेपालका अध्यक्ष पेम्बा शेर्पा र सचिव पासाङ शेर्पाले सहयोग जुटाएर निर्माण गरेको क्यान्टिनमा जङ्क फुट (पत्रु) खानालाई पूर्णरुपमा प्रतिबन्ध गरी स्थानीय स्तरमै उब्जाएको स्थानीय खाद्यवस्तुलाई प्राथमिकता दिइने भएको छ। विद्यालयमा आठ जना शिक्षक र ९७ जना विद्यार्थी रहेका छन्। संस्थाले शिक्षक तथा विद्यार्थीलाई निःशुल्क खाना तथा खाजा खुवाउने व्यवस्था गरेको बताइएको छ।

स्थानीय स्रोत र साधनलाई प्रयोगमा ल्याउनुको मुख्य कारण यहाँको शिक्षक विद्यार्थीको स्वास्थ्यलाई र यहाँका स्थानीय जनताको पनि आयस्रोतमा वृद्धि ल्याउने उद्देश्य रहेको विद्यालय व्यवस्थापन समितिका सदस्य सार्की शेर्पाले जानकारी दिए।

# बुद्धशान्तिका ज्येष्ठ नागरिक संगठित

**बुद्धशान्ति, फागुन २३।** ज्येष्ठ नागरिक बुद्धशान्ति गाउँपालिकाको अध्यक्षमा कृष्णप्रसाद फुँयल चयन भएका छन्।

समितिका अध्यक्ष लीला ढकालको अध्यक्षता र गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेलको प्रमुख आतिथ्यमा भएको तेस्रो साधारणसभाले फुँयलको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको हो। समितिको उपाध्यक्ष रुक्मणी पाठक, सचिव भगिरथ कट्टेल, सहसचिव झलक सुवेदी, कोषाध्यक्ष गीता ढुङ्गाना रहेका छन्।

त्यसैगरी सदस्यहरुमा रामप्रसाद रिजाल, युवराज बाँस्तोला, ज्ञानबहादुर राई, राधाकृष्ण भट्टराई, केशवराज भट्टराई, इन्द्रलाल गड्तौला, यादव गुरागाईं, तारा राई कार्की, इन्दिरा रिजाल र गंगाबहादुर राई रहेका छन्। मोहन तिम्सिना संयोजक र भरत प्रसाईं र यामबहादुर श्रेष्ठ सदस्य रहेको निर्वाचन समितिले निर्वाचन प्रक्रियाद्वारा उक्त समिति गठन गरेको हो।

कार्यक्रममा प्रमुख अतिथि भुर्तेल र सहारा नेपालका प्रतिनिधि दिलीपकुमार शर्माले शुभकामना दिएका थिए। त्यस्तै ज्येष्ठ नागरिक झापा जिल्ला समितिका अध्यक्ष हरिप्रसाद ओलीले नवगठित समितिका पदाधिकारीहरुलाई शपथ ग्रहण गराएका थिए। अध्यक्ष ढकालद्वारा वार्षिक प्रगति प्रतिवेदन र लेखासमिति संयोजक विष्णुप्रसाद पोखरेलले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। ज्येष्ठ नागरिक वडा नं. ४ अध्यक्ष ज्ञानबहादुर मगरले स्वागत गरेको कार्यक्रमको सञ्चालन ज्येष्ठ नागरिक तथा अपाङ्ग भेटघाट चौतारीका अध्यक्ष मोहन तिम्सिनाले गरेका थिए।





## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र
Chakra-ka-rakshak
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)




## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।
मो. ९८४२६४३६१८/९८०४९९४८८०
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसुदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२८७४९१)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्। इर्ष्यालु मन भएकाहरूले सताउनेछन्। आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला। लेनदेनमा होसियारी अपनाउनुपर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ। मध्याह्नदेखि चुनौति चिर्दै काम बनाउन सकिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन्। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ। विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन्। रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ। आकस्मिक खर्च बढ्नेछ, तर आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन्। पारिवारिक जमघटले मन आनन्दित हुनेछ।